# प्रकाशकीय

मार्टिन चौतारीले नेपाली पत्रकारिताका विभिन्न आयामबारे अनुसन्धान गरी पुस्तक प्रकाशन गर्दै आएको छ । विगतका प्रकाशनमा छापा र रेडियोमा हामी अधिक केन्द्रित रह्यौँ । यद्यपि टेलिभिजनबारे फुटकर केही लेख चौतारीका प्रकाशनमा छन् र दीपा गौतमद्वारा लिखित पुस्तक *काँचको पर्दा : नेपाली टेलिभिजनमा महिला* (२०६३) पनि हामीले प्रकाशन गरिसकेका छौँ ।

नेपालमा टेलिभिजन प्रसारण सुरु भएको करिब २५ वर्ष पुग्यो । २०५८ सालमा च्यानल नेपालले प्रसारण थाल्नु अघिसम्म नेपाल टेलिभिजन मात्रै प्रसारणमा थियो । तर पछिल्ला वर्षहरूमा निजी क्षेत्रले टेलिभिजन प्रसारणमा उत्साहपूर्ण रुचि देखाएको छ र नेपाली टेलिभिजन च्यानलको सङ्ख्या बढ्ने क्रम जारी छ । यस्तो परिस्थितिमा नेपाली टेलिभिजनका विगत र वर्तमान अभ्यासबारे चर्चा र लेखाजोखा हुनु आवश्यक छ भन्ने सोचेर हामीले यस पुस्तकको अवधारणा बनाएका हौँ ।

पुस्तक प्रकाशनका चरणहरूमा हामीलाई धेरै व्यक्तिको साथ र सहयोग प्राप्त भयो । यस पुस्तकका सम्पादकमध्ये एक दीपा गौतम टेलिभिजन पत्रकारितामा दुई दशकदेखि सक्रिय हुनुहुन्छ । अधिकांश लेखक पनि टेलिभिजनमा लामो

अनुभव सँगालेकाहरू नै भएकाले टेलिभिजन प्रसारणका अन्तर्कथाहरू उजागर गर्न यो पुस्तकले सकेको छ भन्ने हामीलाई लागेको छ। पुस्तक तयारीका क्रममा लेखकहरू र सम्पादकद्वयले देखाउनुभएको उत्साह र धैर्यको हामी कदर गर्छौं।

२०६५ साउन २ मा मार्टिन चौतारी र सामाजिक संवादका लागि सहकार्य (एएसडी) द्वारा संयुक्त रूपमा काठमाडौँमा 'नेपाली टेलिभिजन : विचार र विश्लेषण' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा रमा सिंह, जगत नेपाल, लय सङ्ग्रौला र दीपक रौनियारले यस पुस्तकमा समाविष्ट आफ्नो लेखको प्रारम्भिक मस्यौदाका अन्तर्वस्तु प्रस्तुत गर्नुभएको थियो। चक्रमान विश्वकर्माले २०६५ जेठ १७ मा मार्टिन चौतारी र जागरण मिडिया सेन्टरद्वारा काठमाडौँमा आयोजित 'प्रसारणमा दलित कार्यक्रम' विषयको अन्तर्क्रियामा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। त्यसै गरी मार्टिन चौतारीको नियमित मिडिया छलफल शृङ्खलामा दीपा गौतम, टङ्क उप्रेती र मदनकुमार शर्माले पनि यसै पुस्तकका लागि लेखिएको लेखको आधारमा आफ्ना धारणा र विश्लेषण राख्नुभएको थियो। आफ्ना लेख परिमार्जन गर्न लेखकलाई यी सबै कार्यक्रमहरू सहयोगी बनेका थिए। तसर्थ ती कार्यक्रममा सहभागी भई टिप्पणी गर्ने, सुझाव दिने र प्रश्न सोध्ने सबैलाई हामी धन्यवाद दिन्छौं।

पुस्तकको अन्तिम पाण्डुलिपि पढी परिमार्जन र शुद्धीकरणका लागि राम तिवारी, रमेश पराजुली र प्रत्यूष वन्तले सुझाव दिनुभएको हो। पुस्तकका केही अंश टाइप गरी अनिता दुलालले सघाउनु भयो भने लेआउट डिजाइन किशोर प्रधानले गर्नुभएको हो। यसमा समाविष्ट अनुक्रमणिका बनाउन सम्पादकहरूलाई रश्मि डङ्गोल, चिरन मानन्धर, विवेक धिताल, कैलाश राई, बुद्धकुमार श्रेष्ठ, तीर्थ विष्ट र किशोर प्रधानले सघाउनुभएको हो। उहाँहरू सबैलाई धन्यवाद छ।

यो पुस्तकको अनुसन्धान, सम्पादन र प्रकाशनका लागि डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (डानिडा) को मानवअधिकार र असल शासन सल्लाह एकाइ (DanidaHUGOU) बाट आर्थिक सहयोग प्राप्त भएको हो। उक्त संस्था र त्यहाँका उप-कार्यक्रम संयोजक मुरारि शिवाकोटीलाई धन्यवाद छ।

**मार्टिन चौतारी**